# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

### घोराही उपमहानगरपालिका
### बिपद् राहत वितरण सम्बन्धी मापदण्ड २०७८

प्राकृतिक र गैर प्राकृतिक बिपद्मा परेका सर्वसाधारण नगरवासीहरु तथा उनीहरुका परिवारलाई वितरण गरिने राहतमा एकरुपता कायम गर्न साथै राहत बितरण एवं सहयोगलाई पारदर्शी, सरल एंव विश्वसनीय बनाउने उदेश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (१) बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी घोराही उपमहानगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः

१) यस मापदण्डको नाम "बिपद् राहत वितरण सम्बन्धी मापदण्ड २०७८" रहेको छ ।

२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुने छ ।

२ परिभाषा र व्याख्याः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस यस मापदण्डमाः–

(क) 'गैर प्राकृतिक विपद्' भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, प्लेग रोग सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ख) 'प्राकृतिक विपद्' भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीत लहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(ग) 'विपद्' भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(घ) 'राहत' भन्नाले घोराही उपमहानगरपालिकाले प्रदान गर्ने नगद वा जिन्सी लगायतका सेवा सुबिधा वा बस्तुगत सहायतालाई सम्झनु पर्दछ ।

(ङ) 'विपद् जोखिम न्यूनीकरण' भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(च) 'विपद् व्यवस्थापन' भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(छ) 'बिपद् कोष' भन्नाले बिपद् व्यवस्थापन कोषलाई सम्झनु पर्दछ ।

(ज) 'समिति' भन्नाले नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद २

कोषको व्यवस्था

३) यस मापदण्ड बमोजिम बिपद् पिडितलाई राहत प्रदान गर्नुपर्नेः

बिपद् पीडितलाई राहत प्रदान गर्दा यस मापदण्ड बमोजिम गर्नुपर्नेछ ।

४) कोषबाट ब्यहोरिने

यस मापदण्ड बमोजिम उपलब्ध गराइने राहत सहयोग बिपद् व्यवस्थापन कोषबाट ब्यहोरिने छ ।

परिच्छेद ३

बिपद् ब्यवस्थापनका लागि राहत वितरण

५) राहत वितरणः

बिपद्बाट क्षति भएका देहाय बमोजिमको क्षतिको लागि वाताबरण तथा बिपद ब्यवस्थापन समिति वा बाताबरण तथा विपद् ब्यवस्थापन शाखा मार्फत प्राप्त भएका स्थलगत अनुगमन मूल्यांकन प्रतिबेदन र वडा कार्यालयको सिफारिसका आधारमा राहत वितरण समितिको निर्णय बमोजिम तपसिल अनुसार राहत सहयोग उपलब्ध गराइनेछ ।

क) बिपद् घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक रु २५,०००।–(पच्चीस हजार) ।

ख) बिपद्मा परी कुनै ब्यक्ति बेपत्ता भई खोजी कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा वडा कार्यालयको सिफारीस र प्रहरी प्रतिबेदनको आधारमा एकाघरको नजिकको हकवालालाई रु. २५०००।– (पच्चीस हजार) ।

ग) कुनै पनि बिपद्को घटनामा परी कुनै व्यक्तिको घर, खाद्यान्न र लत्ता कपडा समेत पूर्ण वा आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्कालिन राहतका लागि नगद रु. ५०००।– (पाँच हजार) वा सो बराबरको खाद्य वा गैर खाद्य सामाग्री उपलब्ध गराउने छ साथै पूर्ण रुपमा क्षति भएको सन्दर्भमा थप राहतको हकमा समितिको निर्णयानुसार हुनेछ ।

घ) विपद्बाट घर बहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि प्रति परिवार नगद रु १०,००० ( दश हजार) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य सामागूी ) सामान राहत उपलब्ध गाराइने छ ।

ङ) कुनै प्रकोपका घटनामा परी घाइते भएका बिरामीहरुलाई उपचारका लागि उपक्षेत्रीय अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिब, असाहाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजादाको यातायात खर्च भुक्तानी गरिने छ ।

च) विपद्बाट घाइते भएको कुनै व्यक्तिलाई अस्पतालमा भर्ना भइ उपचार गराउनु परेमा त्यस्तो घाइते गरिब, असाहाय वा आर्थिक अवस्था कमजोर भएमा उपचार खर्च बापत एक पटकका लागि बढीमा रु ५,००० –पाँच हजार) सम्म खर्च उपलब्ध गराइने छ ।

छ) बिपद्बाट घरको क्षति भएमा घरको क्षतिको अवस्था हेरी बढीमा ३००००.सम्म नगद वा जिन्सी राहत सहायता उपलब्ध गराइने छ ।

ज) माथि जुन सुकै कुरा लेखिएको भएता पनि हावाहुरी वा चटयाङबाट घरको छानो वा अन्य सामान्य क्षति भएमा रु ५,००० –पाँच हजार) सम्म राहत उपलब्ध गराउने र सोको लागि वडाले सिफारिस गरे अनुसार हुनेछ ।

झ) यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित पिडित वा निजको नजिकको निबेदक, वडाको सिफारिस, प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराइने छ ।

६) दीर्घकालिन राहत एव व्यवस्थापन

क) प्रकोपका कारण बसोबास गरी रहेको स्थानमा बसोबास गराउदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पीडित परिवारलाई सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराइने स्थान,परिवार संख्या, आवश्यक सामाग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी नगर विपद् व्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नु पर्ने छ । त्यसरी भएको सिफारिसको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाइने छ ।

ख) दफा ६क अनुसार पूर्ण रुपमा वा आंसिक रुपमा कार्य गर्नको लागि नगर कार्यपालिका वा नगर विपद् व्यवस्थापन समितिले वडा समितिलाई जिम्मेवारी तोक्न सक्नेछ । यसरी तोकिएको जिम्मेवारी पुरा गर्नु सम्बन्धित वडा समितिको कर्तव्य हुनेछ ।

७) राहतका लागि पेश गर्नु पर्ने कागजातहरुः

यस मापदण्ड बमोजिम राहत सहयोगको लागि पिडितले अनुसूची १ बमोजिमको ढाँचामा निबेदन पेश गर्नु पर्ने छ ।

क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

ग) वडा कार्यालयको सिफारिस पत्र ।

घ) बिपद् व्यवस्थापन समिति र राहत बितरण ब्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

ङ) वडा प्रतिनिधिको रोवहरमा भएको प्रहरी मुचुल्का ।

च) घटनासंग सम्बन्धीत तस्वीर ।

परिच्छेद ४

राहत बितरण समिति

८) राहत वितरण समितिको गठनः

घोराही उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक एवं गैर प्राकृतिक विपद्मा परेका नगरवासी तथा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ ।

क) नगर प्रमुख अध्यक्ष

ख) नगर उपप्रमुख सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) बाताबरण तथा बिपद् ब्यवस्थापन समिति संयोजक सदस्य

ङ) पूर्वाधार विकाश शाखा सदस्य

च) बाताबरण तथा बिपद् ब्यवस्थापन शाखा प्रमुख सदस्य सचिव

९) राहत बितरण प्राथमिकताः

राहत बितरण गर्दा पिडित मध्ये महिला, बालबालिका, जेष्ठ नागरिक, दीर्घ रोगी, अशक्त तथा अपाङ्ता भएका ब्यक्तिलाई प्राथमिकता दिइनेछ ।

१०) राहत बितरणको समय सिमाः

यस मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भई निबेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यवस्था मिलाई राहत सहयोग उपलब्ध गराइनेछ ।

११) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा भूुकम्प, बाढी, पहिरो, आगलागी, भारी बर्षा, असिना, हुरी बतास, महामारी, चटयाङ्ग, शीतलहर, डुवान, खडेरी, सर्पदंश, बिषाक्त किटदंश लगायत बिपद्का कारणबाट भएको प्रभावितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराइनेछ ।

परिच्छेद ५

बिबिध

१२) बिपद्का पीडितहरुलाई पुनःस्थापना तथा पुन निर्माण

विपदबाट क्षति भएका घर, टहरा निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय एवं स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

१३) राहत बितरणमा समन्वय गर्नु पर्नेः

दातृ निकाय, मानबीय सहायता संस्था वा कुनै प्रकृतिको गैह्र सरकारी संस्थाले राहत बितरण गर्दा राहत बितरण योजना उपमहानगरपालिकामा पेश गर्नुपर्ने छ ।

१४) बिबरण पेश गर्नु पर्नेः

यस मापदण्ड बमोजिम राहत बितरण व्यवस्थापन समितिको निर्णयबाट बितरण भएको राहत बितरणको बिबरण नगर कार्यपालिका बैठकमा प्रत्येक चौमासिक र बार्षिक रुपमा नगर सभामा अनुसूची २ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

१५) बाधा अडकाउ फुकाउने अधिकारः

यस मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउने छ ।

१६) खारेजी र बचाउ

(क) राहत सहयोग सम्बन्धी यस पूर्व नगर कार्यपालिकाले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ ।

(ख) यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको दहसम्म स्वतः अमान्य हुनेछ ।

(दफा ८ सँग सम्बन्धीत)

राहत माग गर्ने निबेदनको ढाँचा

श्रीमान वडा अध्यक्ष ज्यू

....वडा कार्यालय

बिषयः राहत सहयोग सम्बन्धमा ।

प्रस्तुत बिषयमा मिति...................... गतेका दिन घोराही उपमहानगरपालिका वडा नं............ टोल............मा भएको बिपद्का सम्बन्धमा बिपद्बाट भएको क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड २०७८ बमोजिम राहत सहयोग पाउँ भनी देहायको बिबरणसहित यो निबेदन पेश गरेको छु÷छौ ।

१) विपद्को घटनाः

२) घाइते÷ मृतकको नाम

३) घाइते मृतकको नागरिकताको प्रमाणपत्र नं.......र जारी मिति

४) बाबुको नाम

५) आमाको नामः

६) अनुमानित क्षतिको बिबरण (परिमाण र मुल्य सहित)

७) मृतकको हकमा हकवालाको नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित पत्र ( संलग्न गर्ने)

८) प्रहरी मुचुल्का ।

९) घटनासंग सम्बन्धीत तस्विर (संलग्न गर्ने )

(दफा १४सँग सम्बन्धीत)

अनुसूची २

चौमासिक राहत बितरण बिबरण ढाँचा

मिति..........................................देखि............................सम्मको बिबरण

क्र.स. बिपद् बिवरणवडा नं.    संख्या राहत प्रदान गरिएको रकम (जिन्सी भए खुलाउने ) कैफियत

जम्मा

आज्ञाले,

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत